आज मिति २०७७ साल पौष ११ गते शनिबारका दिन बिहान ११:०० बजे गाउँपालिकाको सभाहलमा यस तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा देहाय बमोजिमको उपस्थितिमा तपसिलका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गरियो ।

## उपस्थिति

| सि.नं. | पदाधिकारीका नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | अध्यक्ष | |
| २. | श्री पदम माया तामाङ | उपाध्यक्ष | |
| ३. | श्री विष्णु प्रसाद सुवेदी | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | श्री गोबिन्द बहादुर राउत | कार्यपालिका सदस्य | |
| ५. | श्री हेम बहादुर श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ६. | श्री लाल बहादुर स्याङ्तान | कार्यपालिका सदस्य | — |
| ७. | श्री खड्ग बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| ८. | श्री दिनेश कुमार रमौली | कार्यपालिका सदस्य | |
| ९. | श्री वीर बहादुर पुलामी | कार्यपालिका सदस्य | |
| १०. | श्री कोमल बहादुर खपाङ्गी | कार्यपालिका सदस्य | |
| ११. | श्री रेखराज अधिकारी | कार्यपालिका सदस्य | |
| १२. | श्री शेर बहादुर मगर | कार्यपालिका सदस्य | |
| १३. | श्री पुण्यहरि भुजेल | कार्यपालिका सदस्य | — |
| १४. | श्री हितलाल श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५. | श्री जगदिश्वर तोलाङ्गी | कार्यपालिका सदस्य | |
| १६. | श्री दुधकुमारी ठकुरी | कार्यपालिका सदस्य | |
| १७. | श्री देवमाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १८. | श्री भगवति कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १९. | श्री गीतामाया थापा | कार्यपालिका सदस्य | — |
| २०. | श्री टेक बहादुर परियार | कार्यपालिका सदस्य | — |

सहभागी: श्री जीतेन्द्र गिरी - अधिकृत छैठौं

श्री प्रेम बहादुर बुंगेली - कम्प्युटर अपरेटर

श्री तारानाथ अधिकारी - का.स.

श्री चन्द्रिका थापा - का.स.

| सं. | विषय | प्रस्ताव | निर्णयहरु |
|---|---|---|---|
| . | स्वास्थ्य सम्बन्धी | १. अस्पताल भवन निर्माण सम्बन्धमा । | १. अस्पताल भवन निर्माण सम्बन्धमा छलफल हुँदा अस्पताल निर्माण सम्बन्धी निर्देशिका र मापदण्डका आधारमा सर्भे, डिजाइन र लागत स्टिमेट तयार गर्ने साथै जग्गाको व्यवस्था गर्न आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो । |
| | | २. चिकित्सकको सेवा सुविधि सम्बन्धमा । | २. चिकित्सकको व्यवस्थालाई दिगो बनाउन गाउँपालिकाका प्राथमिक स्वास्थ्य केन्द्रमा खटिइ आउने चिकित्कसकलाई कार्य गरेवापत प्रति रात रु. १०००।- (एकहजार) र निजको सहायकको रुपमा कामगर्ने-१ (एक) जना स्वास्थ्यकर्मीलाई रु. ३००।- (तीनसय) का दरले प्रोत्साहन स्वरुप प्रदान गर्ने र सो को अनुगमन गाउँपालिकाको स्वास्थ्य शाखाले गर्ने निर्णय गरियो । |
| | | ३. स्वास्थ्य सेवाका कर्मचारी सेवा करारमा लिने सम्बन्धमा । | ३. स्वास्थ्य सेवाका कर्मचारी सेवा करारमा लिने सम्बन्धमा स्टफ नर्स-१ (एक), हे.अ.-१ (एक) र अ.न.मि.-४ (चार) करार सेवामा लिन आवश्वक कार्य अघि बढाउने निर्णय गरियो । |
| . | प्रशासन सम्बन्धी | ४. तीनपाटन गाउँपालिकाको सेवा करारमा जनशक्ति छनौट सम्बन्धी कार्यविधि, २०७७ पारित गर्ने सम्बन्धमा । | ४. तीनपाटन गाउँपालिकाको सेवा करारमा जनशक्ति छनौट सम्बन्धी कार्यविधि, २०७७ पारित गर्ने निर्णय गरियो । |
| . | स्वरोजगार सम्बन्धी | ५. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा । | ५. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा वडाका सम्बन्धित योजनाबाट निर्माण सामाग्री बापत लाग्ने लागत छुट्याउने र यस सम्बन्धी योजना संसोधनका लागि आगामी गाउँ सभामा पेश गर्ने निर्णय गरियो । |
| . | शिक्षा सम्बन्धी | ६. कार्यविधि संसोधन गर्ने सम्बन्धमा । | ६. उपाध्यक्ष छात्रावृति सम्बन्धी कार्यविधि संसोधन गरी आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने । |
| . | पूर्वाधार सम्बन्धी | ७. वडा नं. १ भवन निर्माण सम्बन्धमा । | ७. वडा नं. १ भवन निर्माण सम्बन्धमा यस अघि ठेक्का रद्द भएकोले बाँकी बजेटको कार्य अघि बढाउन उपभोक्ता समिति गठन गर्ने निर्णय गरियो । |